**नेपाल सरकार**

**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**

# स्वास्थ्य सेवा विभाग

टेकु, काठमाडौं

## <u>सूची दर्ता गर्ने सम्बन्धी सूचना</u>

(प्रकाशित मिति: २०८३/०४/०१)

यस विभागको लागि आर्थिक वर्ष २०८३/ ८४ मा आवश्यक पर्ने तपशिल बमोजिमका विभिन्न मालसामान खरिद, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवा सम्बन्धि खरिद कार्य गर्नका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम छुट्टाछुट्टै रूपमा मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएको हुंदा सो कार्यका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम योग्यता पुगेका इच्छुक इजाजत प्राप्त व्यक्ति/फर्म/कम्पनी/आपूर्तिकर्ता/निर्माण व्यवसायी/परामर्शदाता/सेवा प्रदायकहरूले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम (१) मा उल्लेखित कागजातहरूको प्रतिलिपि संलग्न गरी सोही नियमावलीको अनुसूचि २(क) बमोजिमको ढांचामा यस विभागको व्यवस्थापन महाशाखामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**<u>आवश्यक कार्य तथा सेवाहरूको विवरण</u>**

**१.** विभिन्न औषधी तथा औषधी जन्य स्वास्थ्य सामाग्रीहरू (औषधी, खोप, प्रति विस, परिवार योजना साधन, पोषण सामाग्री, विसादी, झुल, टेस्टकिट लगायत) आपूर्ति सम्बन्धी कार्य

**२.** विभिन्न स्वास्थ्य औजार तथा उपकरणहरू आपूर्ति सम्बन्धी कार्य

**३.** खोप तथा कोल्डचेन उपकरणहरू Walk in Cooler/ Freezer, Ice line refrigerator, Refrigerator van, Deep Freezer Generator Spare Parts आपूर्ति, Dismantling , reinstallation, जडान तथा मर्मत सम्बन्धी कार्य

**४.** सफ्टवेयर, वेव एप्लिकेसन, वेव पोर्टल, सर्भर व्यवस्थापन/स्तरोन्नती/interoperability, सुरक्षा प्रणाली निर्माण, परिक्षण, जडान तथा सन्चालन, सपोर्ट सम्बन्धि सेवा

**५.** इन्टरनेट, सन्चार, टेलिफोन, नेटवोर्किङ्ग, Group SMS/SMS गेटवे,लगायत सूचना प्रविधि सम्बन्धि सेवा,

**६.** विभिन्न महाशाखाका विषयगत नीतिगत दस्तावेजहरू जस्तै रणनीति/निर्देशिका/कार्यविधि/प्रोटोकल/तालिम मोडुल/मापदण्ड/चेकलिस्ट निर्माण/प्रतिवेदन लेखन लगायत सामाग्री विकास तथा परिमार्जन लगायतका लागि परामर्श सम्बन्धि सेवा

**७.** छपाइ, प्रकाशन, प्रसारण सम्बन्धि सेवा

**८.** सरसफाइ, बगैजा सुधार, (landscape/Gardening), सुरक्षा सम्बन्धी सेवा

९. कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, ए.सी, सिसिटिभी, IT सामाग्री, राउटर, लगायतका मेशिनरी औजार, सामान, पार्टस आपूर्ति तथा मर्मत सम्बन्धी कार्य

१०. सवारी साधन, रेफ्रिजिरेसन भ्यान मर्मत एवं स्पेयरपार्टस आपूर्ति सम्बन्धी कार्य

११. फर्निचर तथा फर्निसिङ्ग र मर्मत सम्बन्धी कार्य

१२. स्टेश्नरी तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य

१३. भवन तथा पूर्वाधार निर्माण मर्मत तथा सम्भार सम्बन्धी कार्य

१४. ढुवानी तथा यातायात सेवा (औषधि/उपकरण ढुवानी, गाडी हायर)

१५. बीमा सेवा (सवारी/गोदाम/उपकरण तथा नवीकरण)

१६. खाजा, जारको पानी, ट्याङ्करको पानी, आपूर्ति सम्बन्धी कार्य

१७. पुस्तक, पत्रपत्रिका लगायतका पाठ्यसामाग्री आपूर्ति सम्बन्धी कार्य

१८. सबारी साधन तथा जेनेरेटरका लागि इन्धन तथा मोबिल आपूर्ति सम्बन्धि कार्य

**निवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरू:**

- संस्था वा फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- स्थायी लेखा नम्बर / मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- आर्थिक वर्ष २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- व्यवसायिक इजाजतपत्र को प्रतिलिपि,
- फर्मको संक्षिप्त विवरण (Company Profile) तथा कार्य अनुभवका प्रमाणहरू,

**द्रष्टब्य**

- माथी उल्लेखित प्रत्येक कार्य तथा सेवाहरूको छुट्टाछुट्टै निवेदन दर्ता गराउनुपर्नेछ । रीत नपुगी आएका निवेदनहरूलाइ मान्यता दिइने छैन। प्राप्त निवेदनहरू मौजुदा सूचीमा दर्ता गर्ने अधिकार यस विभागमा रहनेछ
- निवेदनमा फर्मको ठेगाना, आधिकारिक सम्पर्क व्यक्ति, टेलिफोन/मोबाइल नम्बर र इमेल स्पष्ट खुलाउनुपर्नेछ।
- प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको बेहोरा फर्म कम्पनी वा सस्था स्वयंले घोषणा गरी निवेदन दिनुपर्नेछ ।
- थप जानकारीका लागि फोन नं 015361768, वा इमेल ठेगाना mdd@dohs.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

**स्वास्थ्य सेवा विभाग**

**व्यवस्थापन महाशाखा**